नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : २०७५।०५।१२

## प्रेस विज्ञप्ति

मिति २०७५/०३/२७ मा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थिति तथा सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूहरुको उपस्थितिमा सम्बन्धित निकायका पदाधिकारीहरुबाट सडक बत्ति, चावहिल-बौद्ध-जोरपाटी सडक र कलंकी-थानकोट सडक एवम् उपत्यकाका सडकका खाल्डाखुल्डी पुर्ने लगायतका विषयमा आगामी ५० दिनभित्र महसुस हुने गरी सुधार गर्ने प्रतिबद्धता व्यक्त भएको । साथै मिति २०७५/०४/१६ गते सम्माननीय प्रधानमन्त्रीज्यूले उपत्यकाका प्रमुख सडकहरूमा रहेका खाल्डाखुल्डी पुर्न, मुख्य सडकहरूमा सडक बत्तिको व्यवस्था गर्न, सडकमा सडक सङ्केत समेतको व्यवस्था मिलाउन तथा कलंकी-नागढुङ्गा सडक र चाबहिल-जोरपाटी सडक कालोपत्रे र कोरिडोरका सडकहरूको निर्माण तथा मर्मतसंभारलाई प्राथमिकता दिई पूर्वनिर्धारित समय (भाद्र १५ गते) भित्र सम्पन्न गर्न दिनुभएको निर्देशनको हालसम्म भएको कार्यको २०७५/०५/१२ गते यस कार्यालयबाट अनुगमन गर्दा देहाय बमोजिम अवस्था रहेको देखिन्छः

**चावहिल-बौद्ध-जोरपाटी सडक खण्डमा सम्पन्न भएका कार्यहरुः**

१. सडक विस्तार आयोजना बानेश्वरको जिम्मेवारीमा रहेको उक्त चाबहिल-बौद्ध-जोरपाटी सडक २ वर्षको योजना अवधिमा करिब ३०% काम सम्पन्न भएको देखिएको ।

**चावहिल-बौद्ध-जोरपाटी सडक खण्डमा सम्पन्न हुन बाँकी कार्यहरुः**

१. सडकका केही ठूला खाल्डाखुल्डीहरू पुरिएको भएतापनि स-साना खाल्डाखुल्डी यथावत् रहेको र पानी समेत जमेको ।
२. विद्युत र टेलिफोनका पोल तथा तारहरू हटाउने कार्य प्रतिबद्धता जनाए अनुसार नभएको । साथै कतिपय नयाँ गाडिएका विद्युतका पोलहरू सडक छेउको नाली तथा पैदल मार्गको मध्यभागमा गाडिएको ।
३. निर्माण सामग्रीहरू सडकमा यत्रतत्र छरिएर रहेको ।
४. सडक विस्तार आयोजना बानेश्वरको जिम्मेवारीमा रहेको उक्त चाबहिल-बौद्ध-जोरपाटी सडक २ वर्षको योजना अवधिमा करिब ७०% काम गर्न बाँकी रहेको ।

**कलंकी-नागढुङ्गा सडकखण्डमा सम्पन्न भएका कार्यहरुः**

१. महाशक्ति पेट्रोल पम्प नजिकको सडक खण्डमा ढलान कार्य हुँदै गरेको तथा उक्त स्थानका पोल र तारहरू हटाइएको ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

२. त्रिभुवन पार्कदेखि बङ्गला सप्लायर्ससम्म दुवैतर्फ बाटो, पोल र तारको व्यवस्थापन सम्पन्न भएको ।
३. हाइभिजनबाट माउन्ट सगरमाथा ब्रिलियन्ट एकेडेमीसम्म तार, पोल सारी एकतर्फी सडक कालोपत्रे गरिएको ।
४. बलम्बु स्याटलाईट स्टेशनदेखि तल सडकमा ग्रेडर लगाएर सम्याएको, सार्वजनिक भवनको अगाडिको भाग खाली भइसकेको ।
५. सतुङ्गलबाट वर्डलिंकको बिल्डिङसम्म कालोपत्रेको लागि बेस तयार गरेको, चौधरी ग्रुप कम्पनी अगाडि एकतर्फी कालोपत्रे भएको र सतुंगल सिप्रदी ओरालोदेखि बल्खु पुलसम्म बाटो बनेको र उक्त स्थानहरुमा पोल र तार हटाइएको ।

**कलंकी-नागढुङ्गा सडकखण्डमा सम्पन्न हुन बाँकी कार्यहरुः**

१. महाशक्ति पेट्रोल पम्पदेखि मंगलोदय मा.वि.सम्म पोल सार्न बाँकी, घरहरू हटाउन बाँकी, Right of way बाँकी रहेका कारण बाटो विस्तार नभएको तथा खाल्डाहरू यथावत् रहेका ।
२. त्रिभुवन पार्क थानकोटको ओरालोमा खाल्डाहरू बढी रहेका, बीचबीचमा retaining wall लगाए पनि पोलहरू सारी नसकिएको ।
३. हाइभिजन-माउन्ट सगरमाथा ब्रिलियन्ट एकेडेमीदेखि दूरसञ्चार कम्पाउन्डसम्म, आदर्श नगर टोलदेखि नैकाप तीनथाना फेमिली मार्टसम्म र सतुङ्गल मुख्य बजारमा तार, पोल हटाउने कार्य बाँकी रहेको।

अनुगमनका क्रममा देखिएका केही सकारात्मक कार्यका अलावा बाँकी कामहरु समयमै सम्पन्न गर्नका लागि तत्काल खाल्डाखुल्डीहरूमा Base हाली सम्याउने, नाली (Water Drainage) बनाई मुख्य ढलमा मिसाउने, निर्माण सामग्रीहरू र फोहरमैला तत्काल उपयुक्त ठाउँमा व्यवस्थापन गर्ने, विद्युत र टेलिफोनका पोल तथा तारहरू हटाउने, यथासक्य चाँडो आयोजना सम्पन्न गर्न सम्बन्धित निकायलाई निर्देशन भएको व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

(विनोद बहादुर कुँवर)
प्रवक्ता